# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

**बै.सं.** ६/०८२/०८३

**अध्यक्षता:** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

**मिति:** २०८२/०८/०८

**उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलदेवसिंह गोम्देन | नगर प्रमुख | उपस्थित |
| २ | श्री खड्गमाया पराजुली | उप प्रमुख | उपस्थित |
| ३ | श्री अनोज कुमार घिमिरे | प्रमुख प्रशासकीय अधिकृत/सचिव | उपस्थित |
| ४ | श्री उपेन्द्र बस्नेत | वडा अध्यक्ष, वडा नं १ | उपस्थित |
| ५ | श्री नरेन्द्र श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ६ | श्री सिताराम भट्टराई | वडा अध्यक्ष वडा नं ३ | उपस्थित |
| ७ | श्री अम्बरबहादुर कटुवाल | वडा अध्यक्ष, वडा नं ४ | उपस्थित |
| ८ | श्री गिताराज खड्का | वडा अध्यक्ष, वडा नं ५ | उपस्थित |
| ९ | श्री हरिश्चन्द्र बास्तोला | वडा अध्यक्ष, वडा नं ६ | |
| १० | श्री गोविन्द खतिवडा | वडा अध्यक्ष, वडा नं ७ | |
| ११ | श्री कुमारप्रसाद उप्रेती | वडा अध्यक्ष, वडा नं ८ | उपस्थित |
| १२ | श्री भिष्म मिश्र | वडा अध्यक्ष, वडा नं ९ | |
| १३ | श्री भुपेन्द्र नेउपाने | वडा अध्यक्ष, वडा नं १० | उपस्थित |
| १४ | श्री खगेन्द्र इङ्नाम | वडा अध्यक्ष, वडा नं ११ | उपस्थित |
| १५ | श्री मुना खत्री | कार्यपालिका सदस्य | उपस्थित |
| १६ | श्री विमला रोक्का | कार्यपालिका सदस्य | उपस्थित |
| १७ | श्री चन्द्रमाया तामाङ | कार्यपालिका सदस्य | उपस्थित |
| १८ | श्री चन्द्रकुमारी तामाङ | कार्यपालिका सदस्य | उपस्थित |
| १९ | श्री गौरीमाया चिमरिया | कार्यपालिका सदस्य | उपस्थित |
| २० | श्री नरेन्द्र कुमार राई | कार्यपालिका सदस्य | उपस्थित |
| २१ | श्री सन्तोष मेचे | कार्यपालिका सदस्य | उपस्थित |
| २२ | श्री कौशिलाल परियार | कार्यपालिका सदस्य | उपस्थित |
| २३ | श्री टुम्मनाथ काफ्ले | वडा सदस्य वडा नं ६ आमन्त्रित | उपस्थित |
| | | | |
| | | | |

**प्रस्ताव नं १ समिक्षा तथा प्रथम चौमासिक वित्तीय प्रतिवेदन सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत नगरपालिकाको सञ्चित कोषबाट भएको खर्च भएको रकमको चौमासिक विवरण स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ को उपदफा (३) बमोजिम जानकारीका लागि पेश गरियो ।

| कुल बजेट | आय तर्फ (रु) | व्यय तर्फ(रु) |
|---|---|---|
| ९८४६५७७२२ | २४,२४,९२,८५२ (२४.६२%) | १४०५५१११११.१६ (१४.२७%) |

साथै, प्रमुख प्रशासकीय अधिकृतज्यूबाट नगरपालिकाका समसामयिक विषय तथा सार्वजनिक सेवा प्रवाहका सम्बन्धमा जानकारी भई समिक्षा गरियो ।

**प्रस्ताव नं २ बिरिङ खोलाको नदीजन्य पदार्थको ठेक्का स्वीकृति सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिका र बुद्धशान्ती गाउँपालिकाको सिमाना समेतमा पर्ने बिरिङ खोलाबाट चालु आर्थिक वर्ष २०८२/०८३ मा नदीजन्य पदार्थको उत्खनन संकलन तथा विक्रीका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम मिति २०८२/०७/१३ गते ठेक्का आह्वान गरी प्रकाशित सूचना बमोजिम पेश भएका बोलपत्रहरुको मूल्याङ्कन गरी मूल्याङ्कन समितिले देहाय बमोजिमको प्रस्ताव अधिक मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भनी ठेक्का स्वीकृतिका लागि सिफारिस गरेको तथा मिति २०८२/०७/३० गते बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गर्दा कुनै दाबिविरोध नपरेकाले यस अर्जुनधारा नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) कार्यविधि २०७५ को दफा ९ को उपदफा (३) बमोजिम बोलपत्र स्वीकृतिका लागि पेश भएको ।

| ठेक्का नं | ठेक्काको विवरण | न्यूनतम कबोल रकम (रु) भ्याट बाहेक | अधिकतम कबोल रकम (रु) भ्याट बाहेक | प्रस्तावकको विवरण |
|---|---|---|---|---|
| AM/IR/01 /08283 बिरिङ प्याकेज १ | मदन भण्डारी पुल १ कि.मि. दक्षिण झोलुङ्गे पुल ५०० मि उत्तर, बुद्धशान्ती-१, अर्जुनधारा-१ र जयपुर सिस्ने पुल १ कि.मि. दक्षिण/बुद्धशान्ती सिमाना उत्तर बुद्धशान्ती-२, अर्जुनधारा-१ बाट नदीजन्य सामाग्री उत्खनन तथा बिक्री | ९२५१४७० | १,२३,१७,५००/- | प्रगतिशिल निर्माण सेवा बुद्धशान्ती-२ |
| AM/IR/02 /08283 बिरिङ प्याकेज २ | गढीपुल ५०० मिटर उत्तर बुद्धशान्तीको सिमानासम्म वडा नं १,८ र बुद्धशान्ती-२, बालुवाटार पूर्व जयघटाल क्रशर पश्चिम वडा नं ७, विल्डकन पूर्व उत्तर (बिरिङ पुल ५०० मि. उत्तर छोडेर) वडा नं ७ र बिरिङ टाङटिङ दोभान तल वडा नं ५ बाट नदीजन्य सामाग्री उत्खनन तथा बिक्री | ६८२९०३८.७ | ६८,५०,०००/- | बिबि कन्स्ट्रक्सन धनकुटा-४ |

**निर्णयको व्यहोराः** पेश भए बमोजिमको बोलपत्र प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ माग आकृती फाराम पठाउने सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८१ बमोजिम नगर कार्यपालिकाको कार्यालयमा रीक्त रहेको देहायानुसारको सहायकस्तर पाचौं तहको पदमा स्थायी पदपूर्तीका लागि प्रदेश लोक सेवा आयोगमा माग आकृती फाराम पठाउनु आवश्यक रहेको हुँदा सोको आवश्यक निर्णयका लागि प्रस्ताव पेश गरिएको ।

| क्र.सं. | पदनाम | तह | सेवा/समूह | संख्या |
|---|---|---|---|---|
| १ | प्राविधिक सहायक | सहायकस्तर पाचौं | स्थानीय कृषि/फुड न्युनिट्रिसियन एण्ड क्वालिटी कन्ट्रोल | १ (एक) |

**निर्णयको व्यहोराः** पेश भए बमोजिमको पदहरुको स्थायी पदपूर्तीका लागि कोशी प्रदेश लोक सेवा आयोगमा माग आकृती फाराम पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं ४ आयोजनाहरुको म्याद थप सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस नगरपालिकामा सञ्चालित विभिन्न वहुवर्षीय आयोजनाहरुको निर्माण सम्पन्न नभई म्याद सकिएको हुनाले देहायानुसारका निर्माण सम्पन्न हुन बाँकी आयोजनाहरुको देहायानुसार म्याद थप हुन निर्णयार्थ पेश गरिएको ।

| क्र.सं. | ठेक्का नं | ठेक्काको विवरण | साविक म्याद | थप हुने म्याद |
|---|---|---|---|---|
| १ | AM/NCB/WORKS/11-079/80 | Construction of Integrated Emergency Response Centre Arjundhara-1 | २०८२/०७/३० | २०८२/१०/३० |
| २ | AM/NCB/WORKS/20-081-82 | Construction of Pavers Block Road on Jasmaya Marga, Arjundhara-7 | २०८२/०७/३० | २०८२/१०/३० |
| ३ | AM/NCB/WORKS/10-081-82 | Construction of Asphalt Concrete Road and Overlay on Laxmipur-Bihibare Bajar Road, Arjundhara-5 | २०८२/०२/३० | २०८२/१०/३० |

**निर्णयको व्यहोराः** पेश भए बमोजिमका आयोजनाहरुको प्रस्तावमा उल्लेख भए बमोजिमको म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव न ४ घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** अर्जुनधारा नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५ को दफा ४ बमोजिम देहाय बमोजिमका फर्महरुबाट घ वर्गको निर्माण व्यवसायी इजाजतपत्रका लागि निवेदन दिनु भएकोमा सो निवेदनका सम्बन्धमा नगर कार्यपालिकाको कार्यालयका प्राविधिकबाट कार्यविधिले तोके बमोजिमको शर्त जाँच गरी स्वीकृतिका लागि सिफारिस भई निर्णयार्थ बैठकमा पेश भएको ।

| क्र.सं. | फर्मको नाम | ठेगाना | प्रोपाइटर |
|---|---|---|---|
| १ | गिरिस्मा निर्माण सेवा प्रा.लि. | अर्जुनधारा-७ | गजेन्द्रकुमार राई |
| २ | योङहाङ ग्रुप निर्माण सेवा प्रा.लि. | अर्जुनधारा- ८ | तिलिहाङ योङहाङ |

निर्णयको व्यहोराः प्रस्तावमा उल्लेखित फर्महरुलाई घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं ५ रकम भुक्तानी सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** कनकाई विर्ता अर्जुन नविकरणीय उर्जा तथा फोहोर मैला व्यवस्थापन कम्पनी लि. कनकाई नगरपालिका वडा नं २ ले यस नगरपालिका समेतको प्रयोजनका लागि सार्वजनिक निजी साझेदारी कार्यविधि तयार गरी उक्त कार्यविधि निर्माण बापतको परामर्श सेवा शुल्क रु ३ लाख मध्ये यस नगरपालिकाबाट रु १ लाख भुक्तानी माग गरी कम्पनीको च.नं. २२ मिति २०८२/०७/२८ गतेको पत्रबाट अनुरोध भई आवश्यक निर्णयार्थ पेश भएको ।

**निर्णयको व्यहोराः** पेश भए बमोजिम कनकाई विर्ता अर्जुन नविकरणीय उर्जा तथा फोहोर मैला व्यवस्थापन कम्पनी लि. कनकाई नगरपालिका वडा नं २ लाई उक्त शुल्क भुक्तानीका लागि नगरपालिकाको चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम अन्तरगत परामर्श सेवा शीर्षकबाट रु १ लाख भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।